अनुसूची-२

(दफा ४ को अनुसूची-१ को भाग २ संग सम्बन्धित)

# साँफेबगर राजपत्र

**साँफेबगर नगरपालिकाद्वारा प्रकाशित**

खण्ड -०५ संख्या -०३ मिति :२०७८/११/०६

## भाग -०२

साँफेबगर नगरपालिकाको सुचना

नेपालको संबिधानको धारा २२६को उपधारा (१) बमोजिम निर्माण गरिएको सुदुरपश्चिम प्रदेशको स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**साँफेबगर नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७४**
**(पहिलो संशोधन ,२०७८)**

आज्ञाले

............................

प्रमुख प्रशासकीय अधिकृत

# साँफेबगर नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४
## (पहिलो संशोधन २०७८)

प्रमाणिकरण मिति २०७४।१२।३०
पहिलो संशोधन २०७८।११।०३

**प्रस्तावनाः** नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) तथा सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ को दफा २४ को उपदफा (५) बमोजिम नगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएको र सोको कार्यबिधि निर्माण गर्न वाञ्छनीय भएकोले,

साँफेबगर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम साँफेबगर नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## भाग- १
## प्रारम्भिक

१. **कार्यविधिको नामः** यस कार्यविधिको नाम साँफेबगर राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ (पहिलो संसोधन २०७८) रहेको छ ।

२. **कार्यविधि लागू हुनेः** यो कार्यविधि साँफेबगर नगर कार्यपालिकाबाट पारित भएको मिति देखि लागू हुनेछ ।

## भाग- २

## साँफेबगर राजपत्रको भाग र ढाँचा

३. **साँफेबगर राजपत्रको भागहरुः** साँफेबगर राजपत्रमा प्रकाशन गर्ने विषय-वस्तुलाई अनुसूची-१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ ।

४. **साँफेबगर राजपत्रको ढाँचाः** साँफेबगर राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्थाः** साँफेबगर राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **साँफेबगर राजपत्रको संख्याः** (१) साँफेबगर राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

७. **साँफेबगर राजपत्रमा प्रकाशन गर्ने सामग्रीः** साँफेबगर राजपत्र प्रकाशन गर्दा बिषय-वस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री ( ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावना देखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **साँफेबगर राजपत्र प्रकाशन गर्ने अधिकारीः** साँफेबगर राजपत्र साँफेबगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा “आज्ञाले,” भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र साँफेबगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग- ३

## साँफेबगर राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **साँफेबगर राजपत्र प्रकाशनको जिम्मेवारीः** (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई साँफेबगर राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र साँफेबगर राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्नेः** (१) प्रकाशन हुने सामग्री साँफेबगर नगर कार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

११. **राजपत्रको अभिलेख व्यवस्थापनः** (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

१२. **निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने** : साँफेबगर नगरपालिकाले राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) साँफेबगर नगरपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) साँफेबगर नगरपालिकाका शाखा, उपशाखा तथा मातहतका अन्य कार्यालयहरु

(ङ) साँफेबगर नगरपालिकाका प्रत्येक वडा कार्यालय

१३. **वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेः** साँफेबगर नगरपालिकाबाट प्रकाशित साँफेबगर राजपत्रलाई नगरपालिकाको वेभ साइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

१४. **विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः** (१) प्रकाशित राजपत्र साँफेबगर नगरपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) कुनै व्यक्ति वा संघ संस्थाले साँफेबगर राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

(१) १ देखि ८ पेज सम्म एक प्रतिको रु.५ मात्र

(२) ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र

(३) २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र

(४) ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२० मात्र

(५) ५७ देखि ७२ सम्म एक प्रतिको रु.२५ मात्र

(६) ७३ देखि ९६ सम्म एक प्रतिको रु.५० मात्र

(७) ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

***द्रष्टब्य:*** *माथि उल्लेखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार लिइएको छ । नगरसभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।*

**१५. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने :** साँफेबगर राजपत्र बिक्री बापत प्राप्त राजश्व साँफेबगर नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

**१६. कार्यविधिको व्याख्या:** यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१७. बचाऊ:** यो कार्यविधि लागू हुनुभन्दा अगावै साँफेबगर नगरपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

# अनुसूची- १

*(दफा ३ सँग सम्बन्धित)*

## साँफेबगर राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

**भाग-१:**

यस भागमा नगर सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा साँफेबगर नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

# अनुसूची- २

(दफा ४ तथा अनुसूची-१ को भाग...... सँग सम्बन्धित)

# साँफेबगर राजपत्र

## साँफेबगर नगरपालिकाद्वारा प्रकाशित

खण्ड ...                संख्या ..                माघ .. गते, ......

# भाग ..

### साँफेबगर नगरपालिकाको सूचना

नेपालको संविधान धारा २२६ को उपधारा (२) बमोजिम निर्माण गरिएको सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन २०७५ को दफा २४ उपदफा (५) तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जनकारीका लागि प्रकाशन गरिएको छ:

| |
|---|
| कानून वा सूचनाको सम्पूर्ण व्यहोरा |

आज्ञाले

..........................

प्रमुख प्रशासकीय अधिकृत